# भुम्लु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सल्लेभुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र सं.: २०८१/०८२
चलानी नं.

मितिः २०८१/१०/२७

**प्रेस विज्ञप्ती**

हालै मदानी विट नामक अनलाइन सञ्चार माध्यममा प्रकाशित कमिसनको दलदलमा फसेका भुम्लुका कनिष्ठ कर्मचारी भट्टराईको जिम्मेवारी मन्त्रालयले खोस्यो शीर्षकको समाचार प्रति यस गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। समाचारमा उल्लेख गरिएका दाबीहरू आधारहीन, तथ्यहिन, कपोकल्पित र भ्रामक छन्। बिना प्रमाण सार्वजनिक गरिएका यस्ता आरोपहरूले निष्पक्ष पत्रकारिताको मूल्यमान्यता माथि गम्भीर प्रश्न उठेको छ। हामी लोकतान्त्रिक मूल्य मान्यतामा स्वतन्त्र प्रेसको साझा चरित्रलाई सम्मान गर्दै तथ्यमा आधारित पत्रकारिताको अपेक्षा गर्दछौं। तर, नियोजित रूपमा कसैलाई बदनाम गर्ने, तथ्य तोडमोड गर्ने र संस्था तथा व्यक्तिको छविमा आँच पुर्याउने जस्ता गलत प्रवृत्ति स्वीकार्य नभएको सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउँछौं। साथै समाचारमा उल्लेखित विभिन्न कुराहरूलाई प्रमाणित गर्न चुनौती दिन चाहन्छौं। अतः हामी सम्बन्धित सञ्चार संस्थासँग यथार्थमा आधारित, मर्यादित र प्रमाणसहितको पत्रकारिता गर्न आग्रह गर्दछौं। यसर्थ समाचारमा उल्लेख भए जस्तो कुनै पनि कुरामा सत्यता नभएको उल्लेख गर्दै भ्रम सिर्जना गराउन खोजिएको समाचार प्रति आपत्ति प्रकट गर्दै यथासिघ्र खण्डन गरिदिनु हुन सम्बन्धित सञ्चार माध्यमलाई अपिल गर्दछौ, भ्रामक समाचार प्रकाशित गर्नेहरू माथि आवश्यक कानूनी प्रक्रिया अघि बढाइने जानकारी गराउन चाहन्छौं। हाम्रो निष्पक्षता माथि प्रश्न उठाउने जो–कोहीलाई प्रमाण सहित बहस गर्न हामी सधैं तयार छौं।

१०।२६

सुदर्शन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

प्रेम बहादुर भुजेल
अध्यक्ष